# राष्ट्रिय मानव अधिकार आयोग

**केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर**

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित त्रैमासिक कार्यसम्पादन विवरण

*(केन्द्रीय कार्यालयका प्रमुख क्रियाकलापहरु)*

**वैशाखदेखि असारसम्म**

**आ.व. २०७३/०७४**

**<u>प्रकाशन गर्ने</u>**

**डा. टीकाराम पोखरेल**

**सूचना अधिकारी**

## १. आयोगको स्वरुप र प्रकृति :

मानव अधिकार आयोग ऐन, २०५७ बमोजिम २०५७ जेठ १३ मा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ बाट संवैधानिक हैसियत प्राप्त गरेको हो । नेपालको वर्तमान संविधानले समेत आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ । संविधानको भाग २५ को धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी व्यवस्था रहेको छ ।

संविधानको धारा २४८ अनुसार आयोगमा अध्यक्ष १ र अन्य ४ जना सदस्य गरी पाँच जना रहने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ । राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोग एक स्वक्रियाशील (Pro-active) पीडितमुखी संस्था हो । आयोगका सम्पूर्ण क्रियाकलापहरु मानव अधिकारको संरक्षण र सम्बर्द्धनसँग सम्बन्धित हुन्छन् । त्यसैले आयोगका जुनसुकै महाशाखा/शाखा/एकाईले गर्ने क्रियाकलापले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गरिरहेको हुन्छ । मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि आयोगले सरकार, राज्यका अन्य अंगहरु तथा नागरिक समाजसँग सहकार्य गर्दछ ।

### (क) आयोगको दूरदृष्टि :

सबैका लागि घर-घरमा मानव अधिकारको मूल मर्मलाई आत्मसात गर्दै यही नै शान्ति र विकासको आधार हो भन्ने मान्यताका साथ मानव अधिकार संस्कृतिको विकास गर्ने ।

### (ख) आयोगको ध्येय :

विश्वव्यापी रूपमा आत्मसात् गरिएका मानव अधिकारका सिद्धान्त, मल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय मानव अधिकार संस्थाको रूपमा आयोग रहने ।

### (ग) आयोगको लक्ष्य :

मानव अधिकारमैत्री वातावरण निर्माणमार्फत सबैले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

### .(घ) आयोगको मूल्य मान्यता :

पहुँच, समानता र न्याय, जवाफदेहिता, निष्पक्षता, स्वतन्त्रता र स्वायत्तता, पारदर्शिता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान ।

**(ङ) आयोगको रणनीतिक उद्देश्य :**

१. मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनगुमन गर्ने,

२. मानव अधिकार प्रबर्द्धनको सुदृढीकरण गर्ने,

३. विपन्न, सीमान्तकृत एवं पछाडि पारिएका वर्गको अधिकार सुनिश्चित गर्ने,

४. आयोगको पहुँच विस्तार, प्रभावकारिता सुदृढीकरण एवं संस्थागत विकास गर्ने ।

**(च) आयोगको पाचौं रणनीतिक योजना (२०१५-२०) का प्राथमिकताहरु**

१. नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार,

२. मानव अधिकारसम्बन्धी कानून एवम् अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको कार्यान्वयन,

३. आयोगका सिफारिसको प्रभावकारी कार्यान्वयन,

४. मानव अधिकार सस्कृतिको विकास गर्न घरघरमा मानव अधिकारसम्बन्धी चेतना, शिक्षा,

५. विपन्न, सीमान्तकृत एवम् पछाडि पारिएका समदायको अधिकारको सरंक्षणमा प्राथमिकीकरण,

६. अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार रक्षकको अधिकार, बालबालिका, महिला, ज्येष्ठ नागरिक, दलित, असहाय, अपाङ्गता भएका व्यक्तिको अधिकारको रक्षा,

७. आयोगको पहुँच विस्तार, संस्थागत सदृढीकरण र मानव संशाधन व्यवस्थापन,

८. आन्तरिक एवम् वाह्य समन्वय, सम्पर्क र सहकार्यको सदृढीकरण,

९. आयोगको अनुगमन, अनुसन्धान तथा कार्यसम्पादन प्रणालीको सबलीकरण ।

## २. आयोगको काम, कर्तव्य र अधिकार :

मानव अधिकारको संरक्षण र सम्बर्द्धन आयोगको प्रमुख कार्य हो । नेपालको वर्तमान संविधानको धारा २४९ मा आयोगको काम, कतव्य र अधिकार उल्लेख गरिएको छ । यस्तै मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा समेत आयोगका काम, कर्तव्य र अधिकारको उल्लेख गरी आयोगको काम, कर्तव्य र अधिकारलाई थप स्पष्टता गरिएको छ । नेपालको संविधानको धारा २४९ मा उल्लेख भएअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

(१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछ :-

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख राख्ने ।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना

सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।

(६) संविधानको धारा २४९ बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने भन्ने व्यवस्था भए बमोजिम आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्दछ ।

## ३. आयोगमा रहने कर्मचारी संख्या, दरबन्दी विवरण र कार्य विवरण :

हाल आयोगको १ केन्द्रीय कार्यालय, ५ वटा क्षेत्रीय कार्यालय, ३ वटा उपक्षेत्रीय कार्यालय र ३ वटा प्रस्तवित कार्यालयमा गरी जम्मा ३०९ जनको दरबन्दी रहको छ । दरबन्दी विवरण तथा पदपूर्तिको अवस्था निम्न बमोजिम छ :

| क्र.सं. | तह | पद | दरबन्दी | | | | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालय | उपक्षेत्रीय कार्यालय | जम्मा | | |
| १ | विशिष्ट श्रेणी | सचिव | १ | | | १ | १ | |
| २ | प्रथम श्रेणी | निर्देशक | ४ | ५ | | ९ | १ | |
| ३ | दोस्रो श्रेणी | उपनिर्देशक | ९ | ५ | ६ | २० | ६ | |
| उ४ | तेस्रो श्रेणी | अधिकृत | ४७ | ३० | ३० | १०७ | ८८ | |
| ५ | सहायक प्रथम | सहायक प्रथम | २५ | १५ | १८ | ५८ | ४३ | |

| क्र.सं. | तह | पद | दरबन्दी | | | | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालय | उपक्षेत्रीय कार्यालय | जम्मा | | |
| ६ | श्रेणी विहिन | सहायक कर्मचारी | ४९ | ३५ | ३० | ११४ | ८४ | |
| | | **जम्मा** | **१४०** | **८५** | **८४** | **३०९** | **२२३** | |

**आयोगको सांगठनिक संरचना :**

राष्ट्रिय मानव अधिकार आयोगको सांगठनिक संरचना अनुसार आयोगको सबैभन्दा माथिल्लो निकाय ५ जना पदाधिकारी रहेको आयोग हो । जसमा १ अध्यक्ष र ४ सदस्य सहित ५ जना पदाधिकारीहरु रहन्छन् । आयोगमा १ जना सचिव रहने व्यवस्था छ । सचिव मातहतमा ४ वटा विभागहरु ५ वटा क्षेत्रीय कार्यालय र ६ वटा उपक्षेत्रीय कार्यालय (३ वटा प्रस्तावित समेत गरेर) छन् भने विभाग अन्तर्गत ९ वटा महाशाखा छन् । यसै गरी २२ वटा युनिट तथा डेस्कहरु रहेका छन् । आयोगका कार्यालहरु रहेको स्थान तथा सांगठनिक संरचनाको चित्र विवरण अनुसूचिमा रहेको छ ।

**आयोगका विभागहरु**

१. **कानुन, अनुसन्धान र अनुगमन विभाग** : यस अन्तर्गत कानुन महाशाखा, अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा र अनुसन्धान महाशाखा गरी ३ वटा महाशाखाहरु छन्

२. **समन्वय विभाग :** यस विभाग अन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध डेस्क, सूचना तथा तथा प्रकाशन डेस्क, क्षेत्रीय समन्वय डेस्क, सूचना प्रविधि एकाइ, प्रतिवेदन लेखन एकाइ, अभिलेख तथा मानव अधिकार स्रोत केन्द्र रहेका छन् ।

३. **प्रबर्द्धन, वकालत र सामूहिक अधिकार विभाग :** यस विभाग अन्तर्गत प्रबर्द्धन तथा वकालत महाशाखा, लैगिक तथा सामाजिक समावेशीकरण महाशाखा, सामूहिक अधिकार महाशाखा, वकालत र अभियान युनिट, मानव अधिकार शिक्षा तथा तालिम युनिट रहेका छन् ।

४. **प्रशासन, अर्थ, नीति तथा योजना विभागअन्तर्गत** : नीति अनुसन्धान तथा योजना महाशाखा, प्रशाशन महाशाखा, आर्थिक व्यवस्थापन महाशाखा रहेका छन् ।

**(अ) विभागले गर्ने कामहरु**

**(क) कानुन, अनुसन्धान र अनुगमन विभाग**

**आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरु गर्दछ :**

- क्षेत्रीय तथा उप–क्षेत्रीय कार्यलयबाट प्राप्त सुचनाको अनुगमन तथा विश्लेषण गर्ने,
- आयोगमा परेका उजुरी मामिलाको अनुसन्धान तथा छानविन,
- आयोगको सम–सामहिक विषयमा छलफल तथा मस्यौदा सिफारिस,
- क्षेत्रीय तथा उप–क्षेत्रीय कार्यलयबाट प्राप्त सूचनाको आधारमा नेपालको मानव अधिकारको अवस्थाको मासिक सारांश अभिलेख तयार गर्ने,

**(ख) समन्वय विभाग**

**आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरु गर्दछ :**

- आन्तरिक तथा बाह्य समन्वय कायम गर्ने ।
- क्षेत्रिय तथा उप–क्षेत्रीय कार्यलयका निर्णयहरु आयोगको केन्द्रीय कार्यलयमा सम्प्रेषण गराउने
- विभिन्न सरकारी मन्त्रालय र विभाग तथा अदालत र आयोग बिच सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- दातृ निकायसँग समन्वय गर्ने
- आवश्यक सूचनात्मक पुस्तिका तथा अभिलेख प्रकाशन गर्ने ।

**(ग) प्रवर्द्धन, वकालत तथा सामूहिक अधिकार विभाग**

**आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरु गर्दछ :**

- आयोगमा परेका उजुरी र आवेदन बाहेकका अन्य विषयगत निर्णय र तत् सम्बन्धित काम कारवाहि अगाडि बढाउने,
- यो विभाग कानुन, अनुसन्धान र अनुगमन विभागको पूरक विभागको रुपमा रहेको

- आयोगले अनुगमन तथा उजुरी मार्फत प्राप्त सूचना उपर काम कारवाहीको लागि सल्लाह लिने र निर्देश गर्ने,

**(घ) प्रशासन, वित्त, निति तथा योजना विभाग**

**आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरु गर्दछ :**

- प्रशासकीय तथा व्यवस्थापकीय कार्य गर्ने ।
- कर्मचारीहरुको वृत्ति विकास सम्बन्धि योजनाको निर्माण ।
- कर्मचारीहरुको व्यक्तिगत अभिलेख कायम ।
- आर्थिक व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
- नीति तथा योजना निर्माण र कार्यन्वयनको अवस्था अनुगमन ।

**(आ) महाशाखाले सम्पादन गर्ने कार्यहरु**

**(क) कानुन महाशाखाले गर्ने कार्यहरु**

- कानुन पुनरावलोकन
- मानवअधिकार सम्बन्धी महत्वपूर्ण निर्णय प्रकाशन
- आयोगलाई विपक्षी बनाइ दर्ता भएका मुद्धामा बहस पैरवी
- आवश्यक कानुनी मस्यौदा तयार
- कानुनी परामर्श
- आयोगले तोकेका कानुन सम्बन्धी अन्य कार्यहरु

**(ख) अन्तर्राष्ट्रिय महासन्धि अनुगमन महाशाखाका कार्यहरु**

- अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन अनुगमन
- मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुगमन
- विश्वव्यापी आवधिक समीक्षा अनुगमन

- महासन्धि अनुमोदनको लागि सिफारिस
- राज्यले तयार गरेको State Report मा सुझाव
- मानव अधिकारको समग्र अवस्थाको अनुगमन

**(ग) अनुसन्धान महाशाखाले गर्ने कार्यहरु**

- मानव अधिकार उल्लंघन सम्बन्धी उजुरी ग्रहण
- मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान, अनुगमन
- अनुसन्धान सम्पन्न भैसकेको उजुरी निर्णयार्थ आयोगमा पेश *(क्षेत्रीय कार्यालयबाट आएका समेत)*
- फैसला लेखन
- आयोगबाट मानव अधिकार उल्लंघन सम्बन्धमा भएका निर्णयको पत्राचार, ताकेता
- उजुरी, कारवाहीसम्बन्धी अन्य कार्यहरु

**(घ) प्रबर्द्धन तथा वकालत महाशाखाले गर्ने कार्यहरु**

- मानवअधिकार शिक्षा *(तालिम गोष्ठी, प्रशिक्षण, मानव अधिकार पाठ्यक्रम निर्माणका लागि पहल)*
- मानव अधिकार चेतनामूलक कार्यक्रम
- मानव अधिकार वकालत
- मानव अधिकार सामग्री निर्माण तथा वितरण
- मानव अधिकार संस्थाहरुसँग समन्वय सहकार्य

**(ङ) लैगिक तथा सामाजिक समावेशीकरण महाशाखाले गर्ने कार्यहरु**

- लैंगिक तथा समाजिक विभेद हटाउन पहल गर्ने
- महिलाको मानव अधिकारको अवस्थाबारे बहस पैरवी

- राज्यका हरेक तहमा महिला तथा अन्य सीमान्तीकृतको सहभागितामा वृद्धि गर्न पहल
- महिला विरुद्ध हुने हिंसा तथा सीमान्तीकृतका मानव अधिकार हनका विरुद्ध कार्य
- महिला तथा सीमान्तीकृतका अधिकारको वकालत
- महिला र पछाडि पारिएका समुदायको न्यायमा पहुँच वृद्धि
- महिला तथा समाजिक रुपमा पछाडि पारिएका क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य समन्वय

**(च) सामूहिक अधिकार महाशाखाका कार्यहरु**

- सामूहिक अधिकार *(आदिवासी जनजाति, अल्पसंख्यक, जेष्ठ नागरिक, मानसिक स्वास्थ्य, लैंगिक तथा यौनिक अल्पसंख्यक,* HIV *प्रभावित आदि)* को प्रबर्द्धनका लागि गोष्ठी अन्तरक्रिया, छलफल, कार्यशाला, प्रशिक्षण
- सामूहिक अधिकारको अनुगमन गर्ने *( अनुगमन महाशाखाको समन्वयमा)*
- सामूहिक अधिकारको संरक्षण र सम्बर्द्धनका लागि नीतिगत सिफारिस गर्न आवश्यक कार्यहरु गर्ने
- सामूहिक अधिकारको सुनिश्चितताको लागि कानुन पुनरावलोकनको कार्य गर्ने *(कानुन महाशाखाको समन्वयमा )*

**(छ) नीति अनुसन्धान तथा योजना महाशाखाका कार्यहरु**

- रणनीतिक योजना निर्माण
- वार्षिक कार्यक्रम र योजना तयार
- कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्यांकन
- चौमासिक प्रगति प्रतिवेदन तयार
- प्रगति समीक्षा कार्यक्रम गर्ने
- कार्यक्रम र योजना सम्बन्धमा योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय
- आयोगको नितिगत व्यवस्था, समन्वय र सहजिकरण र आयोगको नीति तर्जुमा

**(ज) प्रशासन महाशाखाले गर्ने कार्यहरु**

- जनशक्ति व्यवस्थापन *(कर्मचारी सरुवा, बढुवा, अवकाश, मनोनयनहरु, पदपूर्ति र स्वीकृति सम्बन्धि कार्य)*
- कार्यालय व्यवस्थापन र सरसफाइ
- सार्वजनिक खरिद
- मर्मत संभार तथा रेखदेख *(आयोग अन्तर्गत सम्पूर्ण निकायहरुको भौतिक साधनहरुको अनुगमन, निरिक्षण)*
- सवारी व्यवस्थापन
- दर्ता, चलानी, चिठीपत्र
- कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कामहरु

**(झ) आर्थिक व्यवस्थापन महाशाखाले गर्ने कार्यहरु**

- वार्षिक चालू बजेट निर्माण
- बजेट बाँडफाँड तथा अख्तियारी प्रदान
- आर्थिक कारोवारको लेखा राख्ने तथा आर्थिक प्रतिवेदन तयार
- लेखापरीक्षण *(आन्तरिक तथा अन्तिम) र* वेरुजु फछ्र्यौट
- दातृ संस्थाबाट आएका बजेटको छुट्टै हिसाब तथा आर्थिक प्रतिवेदन तयार
- आर्थिक अनुशासन कायम गर्ने,
- वित्तिय स्रोत तथा आयोगका निर्णय र कार्यहरुबाट पर्न जाने वित्तिय असरको अभिलेखन

**(ञ) अन्तर्राष्ट्रिय सम्बन्ध डेस्कका कार्यहरु**

- अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी सम्पूर्ण काम
- APF, UN Agencies र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्वय
- कुटनैतिक नियोगसँगको समन्वय

**(ट) सूचना, तथा सञ्चार एकाइका कार्यहरु**

- आयोगका आवश्यक सूचनालाई सञ्चार माध्यम समक्ष पुऱ्याउने
- प्रेस विज्ञप्ति तयार गर्ने
- प्रेस नोट तयार गर्ने
- पत्रकार सम्मेलनको लागि तयारी गर्ने
- मानव अधिकारपत्र सम्पादन गर्ने
- मानव अधिकार सम्बन्धी समाचार अनुगमन

**(ठ) सूचना प्रविधि एकाइका कार्यहरु**

- सूचना प्रविधि सम्बन्धी Server System र कम्प्युटर मर्मत
- आयोगका Facebook, Twitter, Website Update गर्ने
- आयोगका कर्मचारीहरुको विद्ययुतीय हाजिरी तथा रेकर्ड राख्ने
- आयोगका प्रकाशनमा डिजाइन तथा लेआउटमा सहयोग गर्ने
- सूचना प्रविधि सम्बन्धी नीति, योजना निर्माण कार्यान्वयन गर्ने
- CMRS प्रणाली सञ्चालन सम्बन्धी कार्य

**(ड) प्रतिवेदन लेखन एकाइका कार्यहरु**

- आयोगको वार्षिक प्रतिवेदन तयार
- मानव अधिकार सम्बन्धी विषयगत प्रतिवेदनमा आवश्यक कार्य
- आयोगबाट प्रकाशन हुने अन्य प्रकाशन

**(ढ) मानव अधिकार स्रोत केन्द्र**

- मानव अधिकार स्रोत केन्द्र सञ्चालन
- आयोगका महत्वपूर्ण फाइलहरुको अभिलेखन

**(ण) क्षेत्रीय समन्वय डेस्क**

- केन्द्र र क्षेत्र बीच समन्वय
- क्षेत्रीय कार्यालयको मासिक प्रतिवेदन संकलन र विश्लेषण
- क्षेत्र र केन्द्र बीच कार्य सम्पादनमा सहजता ल्याउन सहयोग पुर्‍याउने

**(त) वैठक समन्वय महाशाखा**

- मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनका लागि पहल गर्ने
- आयोग (सचिवालय क्षेत्रीय कार्यालय, महाशाखा) आन्तरिक र बाह्य समन्वय गर्ने
- आयोगको वैठकका प्रस्ताव तयार तथा माइन्युट तयार गर्न सचिवालयलाई सघाउने

**(थ) मानव बेचविखन तथा ओसार विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय**

- मानव बेचविखन सम्बन्धी अनुगमन
- मानव बेचविखन सम्बन्धी वार्षिक प्रतिवेदन तयार
- मानव वेचविखन सम्बन्धी भएका समाचार तथा उजुरीबारे अनुसन्धान महाशाखासँग समन्वय
- मानव वेचविखन सम्बन्धी तथ्यांक अध्यावधिक
- कानुन महाशाखासँग समन्वय गरी मानव बेचविखन सम्बन्धी कानुन पुनरावलोकनको पहल

**(द) सुरक्षा एकाई**

- सुरक्षा सतर्कता सम्बन्धी काम
- सुरक्षा तालिम
- मानव अधिकार हनन र सुरक्षा स्थितिको Brifing
- CCTV को निरीक्षण रेखदेख

- सुरक्षा सम्बन्धी सल्लाह सुझाव
- सुरक्षा सम्बन्धी मासिक प्रतिवेदन तयार र वितरण
- सुरक्षाका अन्य कामहरु

## ४. आयोगबाट प्रदान गरिने सेवा :

- मानव अधिकारको उल्लंघनका सम्बन्धमा उजुरी लिने, अनुसन्धान गर्ने, दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिस गर्ने,
- मानव अधिकार अवस्थाको अनुगमन गर्ने र अनुगमनबाट देखिएका तथ्यको आधारमा सुधार गर्नुपर्ने पक्षहरु बारे नेपाल सरकारलाई सिफारिस गर्ने,
- तालिम, गोष्ठी, अन्तरक्रियाका माध्यमबाट मानव अधिकार शिक्षा प्रबर्द्धन गर्ने,
- मानव अधिकार सम्बन्धी कानुनहरुको पुनरावलोकन गरी सुधारका लागि सरकारलाई सिफारिस गर्ने,
- नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरुको कार्यान्वयनको अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- मानव अधिकार सम्बन्धी अन्य कार्यहरु गर्ने ।

## ५. आयोगका विभाग, महाशाखा, शाखा, एकाइ र प्रमुख जिम्मेवार अधिकारी

| सि. नं. | विभाग महाशाखा, शाखा, एकाइ | प्रमुख जिम्मेवार अधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | कानुन, अनुसन्धान र अनुगमन विभाग | हाल रिक्त | | सचिवबाट नै जिम्मेवारी सम्हालिँदै आएको |
| २. | प्रबर्द्धन, वकालत र सामूहिक अधिकार विभाग | हाल रिक्त | | सचिवबाट नै जिम्मेवारी सम्हालिँदै आएको |
| ३. | प्रशासन, अर्थ, नीति तथा योजना विभाग | हाल रिक्त | | सचिवबाट नै जिम्मेवारी सम्हालिँदै आएको |
| ४. | समन्वय विभाग | हाल रिक्त | | सचिवबाट नै जिम्मेवारी सम्हालिँदै आएको |

| सि. नं. | विभाग महाशाखा, शाखा, एकाइ | प्रमुख जिम्मेवार अधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| ५. | प्रशासन महाशाखा | डा.टीकाराम पोखरेल | उपनिर्देशक | |
| ६. | अनुसन्धान महाशाखा | कोषराज न्यौपाने | उपनिर्देशक | |
| ७. | प्रबर्द्धन तथा वकालत महाशाखा | यज्ञप्रसाद अधिकारी | उपनिर्देशक | |
| ८. | नीति अनुसन्धान तथा योजना महाशाखा | डा. टीकाराम पोखरेल | उपनिर्देशक | |
| ९. | कानुन महाशाखा | श्यामबाबु काफ्ले | मानव अधिकार अधिकृत | |
| १०. | अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा | बद्री सुवेदी | मानव अधिकार अधिकृत | |
| ११. | लैगिक तथा सामाजिक समावेशीकरण महाशाखा | सरिता ज्ञवाली | मानव अधिकार अधिकृत | |
| १२. | सामूहिक अधिकार महाशाखा | वीरबहादुर बूढामगर | मानव अधिकार अधिकृत | |
| १३. | आर्थिक व्यवस्थापन महाशाखा | रारा कर्माचार्य | लेखा अधिकृत | |
| १४. | प्रतिवेदन एकाइ | कैलाशकुमार शिवाकोटी | मानव अधिकार अधिकृत | |
| १५. | वैठक समन्वय एकाइ | उमा जोशी | मानव अधिकार अधिकृत | |
| १६. | क्षेत्रीय समन्वय एकाइ | श्रीराम अधिकारी | मानव अधिकार अधिकृत | |
| १७. | मानव बेचविखन विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय | कमल थापाक्षेत्री | मानव अधिकार अधिकृत | |
| १८. | सूचना प्रविधि एकाइ | सुवोध पोखरेल | मानव अधिकार अधिकृत | |
| १९. | सूचना तथा सञ्चार एकाइ | दुर्गा पोखरेल | मानव अधिकार अधिकृत | |
| २०. | सुरक्षा एकाइ | बाबुकाजी के.सी. | सुरक्षा अधिकृत | |
| २१. | मानव अधिकार स्रोत केन्द्र | सीता रेग्मी | सहायक प्रथम | |
| २२. | अन्तर्राष्ट्रिय सम्बन्ध डेस्क | | | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

- १० पेजसम्मको सूचना निशुल्क प्राप्त हुने र सोभन्दा माथि भएमा प्रति पेज रु. ५/- (पाँच) दस्तुर लाग्ने
- सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने
- तोकिएको अवस्थामा बाहेक आयोगका अन्य सेवामा सामान्यतयाः छुट्टै दस्तुर नलाग्ने
- आयोगका प्रकाशनहरु निशुल्क वितरण हुने
- सूचना बाहेक अन्य प्रकृतिका सेवा प्राप्त गर्ने अवधि कामको प्रकृतिअनुसार फरक फरक हुने
- पीडित पक्षको स्वीकृति/सहमति विना पीडितसँग सम्बन्धित कागजात, सूचना उपलब्ध गराउन नसकिने ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

- आयोगमा परेका उजुरीका सम्बन्धमा अनुसन्धानपश्चात् आयोगबाट निर्णय हुने,
- नेपाल सरकारलाई गरिने सिफारिसहरुमा आयोगले निर्णय गर्ने,
- सामन्यतः नीतिगत विषयमा आयोगबाट र प्रशासनिक तथा आर्थिक विषयहरुमा सचिवबाट निर्णय हुने,
- अन्यमा कामको प्रकृति अनुसार निर्णय प्रक्रिया फरक फरक हुने,
- निर्णय गर्ने अधिकारी पनि कार्य प्रकृतिअनुसार फरक फरक हुने

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

- नीतिगत तहमा आयोगका अध्यक्ष श्री अनूप राज शर्मा
- प्रशासनिक तहमा आयोगका सचिव श्री वेदप्रसाद भट्टराई

## ९. सम्पादन गरेको कामको विवरण : (२०७४ वैशाख देखि असारसम्म)

### ९.१. अनुसन्धान सम्बन्धी कार्य

- आयोगको केन्द्रिय कार्यलयमा २०७४ साल बैशाख महिनामा ५ वटा उजुरीहरु उजुरी दर्ता कितावमा एवं १५ वटा उजुरी विद्युतिय प्रणालीमा दर्ता भई कारवाही अगाडी वढाइएका ४२ जनालाई परामर्श र राय सल्लाह उपलब्ध गराइएको
- २०७४ साल असार महिनामा ६ वटा उजुरीहरु उजुरी दर्ता कितावमा एवं २४ वटा उजुरी विद्युतिय प्रणालीमा दर्ता भई कारवाही अगाडी वढाइएका ४२ जनालाई परामर्श र राय सल्लाह उपलब्ध गराइएको
- आयोगको अनुसन्धान महाशाखामा २५ वटा चिठिपत्रहरु प्राप्त भएका ।
- सिन्धुली र नुवाकोट जिल्लामा अनुसन्धान टोली खटिएको ।
- आयोगमा उजुरी / निवेदन / बोर्धाथ पत्र विद्युतिय मार्फत प्राप्त पत्र/ पत्रिकामा आएका समाचार पत्रहरु दर्ता भई उजुरी शाखामा जानकारी राखिएको विवरण संख्या
- **व्यवस्थापिका-संसदको सामाजिक न्याय तथा मानव अधिकार समितिमा राष्ट्रिय मानव अधिकार आयोगको बार्षिक प्रतिवेदन २०७२ कार्यान्वयन सम्बन्धमा** छलफल भएको

### ९.२. अनुगमन सम्बन्धी कार्यहरु :

| क्र.स | नाम | विषय | स्थान | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | **अनुगमन** | १. ललितपुर सानेपा, भनिमण्डल स्थित एजम्सन चर्चमा आगलागिको विषयमा अनुगमन<br>२. नेपाल प्रहरीका प्र.ना.म.नि नवराज सिलवालको स्वाथ्य अवस्था अनुगमन<br>३. ने. क. पा. माओवादी ( विप्लव समूह) ले स्थानिय तहको निर्वाचनको विरोधमा आयोजना गरेको र्‍याली तथा कोणसभाको अवस्था अनुगमन<br>४. काठमाण्डौं महानगरपालिकाको निर्वाचन कार्यालय राष्ट्रिय सभागृहमा स्थानीय तहको निर्वाचनको मनोनयन दर्ताको अनुगमन<br>५. रामकाजी श्रेष्ठलाई त्रि. वि. शिक्षण अस्पतालमा मानसिक सन्तुलन गुमेका भनी परिवार र डा. मिलेर जवरस्ती भर्ना गरेको सम्बन्धमा<br>६. स्थानीय तहको निर्वाचन पूर्वको अनुगमन<br>७. हनुमान ढोका चौकी अगाडि काल भैरवको मूर्ति नजिक ९१ वर्षे वृद्ध मागेर बसेको सम्बन्धमा टुइटरमा आएको जानकारी आधारमा गरेका | उपत्यका भित्र<br>उपत्यका भित्र<br>उपत्यका भित्र<br>उपत्यका भित्र<br>उपत्यका भित्र<br>उपत्यका भित्र<br>उपत्यका भित्र<br>उपत्यका भित्र<br>काठमाण्डौ | १३ वटा | सन्धि अनुगमन महाशाखाले स्थानीय तहको पहिलो चरणको निर्वाचनमा समन्वय गरी ३४ जिल्लामा निर्वाचन अनुगमन तथा प्रतिवेदन तयार गरियो । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ८. स्थानीय तहको निर्वाचन पूर्वको अनुगमन<br>९.स्थानीय तहको निर्वाचन पूर्वको अनुगमन<br>१०. स्थानीय तहको निर्वाचन पूर्वको अनुगमन<br>११. स्थानीय तहको निर्वाचन पूर्वको अनुगमन<br>१२. स्थानीय तहको निर्वाचन अनुगमन<br>१३. स्थानीय तहको निर्वाचन अनुगमन | मकवानपुर<br>गोर्खा<br>नुवाकोट<br>नुवाकोट<br>म्याग्दी | | |
| २. | **तलिम** | मानसिक तनाव व्यबस्थापन | आयोगको सभा हलमा | | आयोगको कर्मचारी |
| ३. | **कार्यक्रम** | १. मानव अधिकार अनुगमन तथा समन्वय समिति<br>२. निर्वाचन अनुगमन अभिमुखिकरण सहभागि<br>३. मानव अधिकार अनुगमन तथा समन्वय समिति | आयोगको सभा हलमा | | आयोगका समिति सदस्यहरू |
| ४. | **सहभागि भएको** | १. विश्वको आधा-आधा हिस्साः स्थानिय शासन प्रकृयामा महिला नेतृत्व र प्रतिनिधित्व विषयक राष्ट्रिय सम्मेलन<br>२. स्थानीय तह निर्वाचनमा अपाङ्गता भएका व्यक्तिको स्वच्छ रुपमा सहभागि हुन पाउने अधिकार सम्बन्धी कार्यक्रममा सहभागि<br>३. महिला हिंसा, अपाङ्गता व्यक्ति सम्बन्धी संवाहक मस्यौदा प्रस्तुतीमा सहभागि भएको ।<br>४. जातिय भेदभाव तथा छुवाछुत सम्बन्धमा संवाहक मस्यौदा प्रस्तुतीमा सहभागि भएको ।<br>५. सुधार गृह सम्बन्धमा संवाहक मस्यौदा प्रस्तुतीमा सहभागि भएको ।<br>६. कर्णालीको खाद्य अधिकार सम्बन्धी संवाहक मस्यौदा प्रस्तुतीमा सहभागि भएको । | निर्वाचन आयोग काठमाण्डौ<br>अपाङ्गता महासघं, कुपण्डोल<br>आयोग कै सभा हलमा | | मनमाया राना मगर<br>मनमाया राना मगर<br>मनमाया राना मगर<br>मनमाया राना मगर<br>मनमाया राना मगर |
| ५. | **फाइल सम्बन्धी** | फाइल इन्ट्री | | २०२ | |
| ६ | **अनुगमन** | १. महानगरीय प्रहरीवृत सिंहदरबारमा विप्लब समूहका व्यक्तिहरूलाई पक्राउ गरी राखेको भनी उजूरी सम्बन्धमा उनीहरूको अवस्था अनुगमन<br>२. बालिका बलत्कारको आरोपमा पक्राउ परेका पत्रकार केदार कोइरालाको स्वास्थ अवस्था बारेको अनुगमन ।<br>३. उपत्यका भित्र जेब्रा कसिङबाट मात्र बाटो काट्ने भन्ने नियमका सम्बन्धमा पैदल यात्रुको मानव अधिकार अवस्था अनुगमन ।<br>४. दोलखाको मेलुङ गाविस पोवटी सत्यश्वर उच्च | उपत्यका भित्र<br>दोलखा<br>धादिङ | ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मावि मतदान केन्द्रको पुनः मतदान<br>५. जेष्ठ नागरकिको अवस्था अनुगमन | | | |
| **७.** | **तलिम** | | | | |
| **८.** | **कार्यक्रम** | १. निर्वाचन अनुगमनको संक्षिप्त प्रस्तुतीकरण<br><br>२. अन्य संस्थाका पर्यबेक्षकहरूसँगको छलफल<br><br>३. विभिन्न संबैधानिक आयोग तथा अन्य सम्बन्धित निकायहरूसँग  छलफल<br><br>४. आयोगकै क्षेत्र, उपक्षेत्र तथा केन्द्रीय कार्यालयका, कार्यालय प्रमुख तथा कर्मचारीहरू बीच समीक्षा बैठक<br><br>५. विभिन्न राजनैतिक दलका शीर्ष नेताहरूसँग भेटघाट | आयोगको सभाहल | | |
| **९.** | **सहभागि भएका** | १. राष्ट्रिय मानव अधिकार आयोग बंगलादेश र आयोगको अनुभव आदानप्रदान<br>२. राज्यको पूनसंरचनामा मानव वेचविखन तथा ओसार पसार र नियन्त्रण ऐन, २०६४ को संशोधन | आयोगको सभाहल<br>अल्फा हाउस, बुद्धनगर | | मनमाया राना मगर |
| **१०.** | **फाइल सम्बन्धी** | फाइल इन्ट्री | | १६ | |
| **११** | **अनुगमन** | १. तिब्बती धर्म गुरु दलाइ लामाको जन्मोत्सवको दिन तिब्बती शरणार्थीबाट सो जन्मोत्सब मनाउन प्रहरी/ प्रशासन बाट हुनसक्ने हस्तक्षेपको अनुगमन<br>२. झापा जिल्लामा स्थानीय तह निर्वाचन र मानव अधिकार सम्बन्धमा अनुगमन गर्न<br>३. मोरङ जिल्लामा दोस्रो चरणको स्थानीय तह निर्वाचन र मानव अधिकार अवस्था अनुगमन<br>४. भोजपुर जिल्लामा दोस्रो चरणको स्थानीय तह निर्वाचन र मानव अधिकार अवस्था अनुगमन<br>५. दोस्रो चरणको स्थानीय तह निर्वाचन र मानव अधिकार अवस्था अनुगमन | काठमाण्डौ<br><br><br>झापा<br><br>मोरङ<br><br>भोजपुर<br><br>उदयपुर | ५ | सन्धि अनुगमन महाशाखाले स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा समन्वय गरी ४३ जिल्लामा निर्वाचन अनुगमन तथा प्रतिवेदन तयार गरियो । |
| **१२.** | **तलिम** | | | | |
| **१३.** | **कार्यक्रम** | १. सडक विस्तार ट्राफिक व्यबस्थापन तथा पैदल यात्रीहरूको अधिकार विषयमा छलफल | आयोगको हल | १ | |
| **१४.** | **सहभागि भएका** | १. संवाहकको बैठकमा सहभागि भएको<br>२. राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य आयोग सम्बन्धमा अधिवक्ता ओम प्रकाश अर्यालले गरेको अनुसन्धान माथिको छलफलमा सामेल भएको<br>३. आयोगको उगदष्किप्लष्लन कतबतगक उबउभच | <br><br>आयोगको हल<br><br>होटेल हिमालय | ६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | या तजभ ल्ज्ञ्म्ह् कार्यक्रम<br>४. trafficking in persons national report को सार्वजनिकी करण कार्यक्रममा सहभागि<br>५. विद्यापति पुरस्कार अर्पण समारोहमा<br>६. मानव अधिकार, मानव अधिकार कानून र ट्राफिक प्रहरी सम्बन्धमा स्रोत व्यक्तिको रुपमा | आयोगको हल<br><br>प्रज्ञा भवन<br><br>ट्राफिक प्रहरीको मा | | स्रोत व्यक्ति बद्री सुवेदी |
| **१५.** | **फाइल सम्बन्धी** | पञ्जिका तयार गरेको | | १९ वटा | |

## ९.३. प्रबर्द्धनात्मक कार्यहरु

- घर घरमा मानव अधिकार शिक्षा कार्यक्रम अन्तर्गत सोलुखुम्बु जिल्लामा मानव अधिकार सम्बन्धी प्रशिक्षण तथा सचेतना कार्यक्रम सम्पन्न गरेको ।
- स्थानिय तहको निर्वाचनलाई लक्षित गरी चेतनामुलक रेडियो सन्देशहरु स्थानिय तहको निर्वाचन सम्पन्न भएका प्राय सवै जिल्लाहरुमा स्थानिय रेडियोहरु मार्फत प्रसारण गरेको ।
- स्थानिय तहको निर्वाचनको मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गरेको तथा उक्त निर्वाचनलाई लक्षित गरी राष्ट्रिय मानव अधिकारको अपिल नामक ब्रोशर तयार पारी मतदाता तथा सरोकारवालाहरुलाई वितरण गरेको ।
- मानव अधिकार सम्बन्धी “जान्नै पर्ने कुरा ” नामक पुस्तक संसोधन गरी पुन ६ हजार प्रति प्रकाशन गरेको ।
- राष्ट्रिय मानव अधिकार आयोगको १७ औं स्थापना दिवशको तयारी र सञ्चालन कार्य गरेको ।
- रुपन्देही जिल्लाको बुटवलमा मानव अधिकार सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको ।
- मानव अधिकार र स्वास्थ्य सम्बन्धी प्रशिक्षण कार्यक्रम कास्की जिल्लाको पोखरा महानगरपालिकामा सम्पन्न गरेको ।
- शसस्त्र प्रहरीवल तालिम विद्यालयमा शसस्त्र प्रहरीका अधिकृतहरुलाई मानव अधिकार सम्बन्धी तालिम प्रदान गरेको ।
- वाहृय संघ संस्था, सरकारी निकायबाट आमन्त्रण भएका ७ वटा कार्यक्रममा सहभागी भई आयोगको तर्फबाट धारणा प्रस्तुत गरेको ।

- मानव अधिकार आयोगले गरेको काम कारवाहीको सम्बन्धमा स्थिती विबरणपत्र नागरिक समाज, मानव अधिकारकर्मि, नेपाल सरकार, कानूनविद, पत्रकार आदीको उपस्थितीमा सार्वजनिका गरिएको
- मनव अधिकार आयोग र मानव अधिकारको सम्बन्धमा सुचना एवं जानकारीबाट आम नागरिकलाई मानव अधिकार प्रति सचेत गराउने विस २०७४ को क्यालेण्डर प्रकाशन गरी निशुल्क वितरण गरिएको

## ९.४. लैंगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरु

- मिति २०७४।२।२८ देखि मिति २०७४।३।३ सम्म रसुवा जिल्लाका तामाङ्ग महिलाहरुको मानव अधिकारको बिषयमा अनुगमन गरिएको ।
- मिति २०७४।३।१० गते देखि १६ गते सम्म पाचँथर तथा संखुवासभा जिल्लामा दोस्रो चरणको निर्बाचन अनुगमनको लागी गएको ।
- जेठ १० गतेसम्म निर्वाचन अनुगमनको प्रतिवेदन तयारीको लागि कार्य गरिएको ।
- सर्वोच्च अदालतको लैङ्गिक रणनीति निर्माण गर्ने समितिको बैठकमा सहभागी भएको ।
- बालबिबाह सम्बन्धी कार्यकमको लागी पुनरावलोकन गरीरहेको ।
- डा. शंखर कुमार श्रेष्ठले दिनुभएको पृष्ठपोषणलाई समावेश गर्ने गरि काभ्रे जिल्लामा गरिएको सार्बजनिक सुनुवाई कार्यकमको प्रतिबेदन तयारीको कममा रहेको ।
- वालविवाह अन्त्य गर्ने सम्बन्धमा नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न नेपाल सरकारलाई अनुरोध गरेको

## ९.५. सामूहिक अधिकार सम्बन्धी कार्यहरु

- बाँके जिल्लामा आदिवासी थारु जातिको मानवअधिकारको अवस्था अनुगमन गरिएको ।
- आदिवासी थारु जातिको मानवअधिकारको अवस्था अनुगमन गर्ने क्रममा नेपालगन्जमा असार १५ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको ।
- आपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामाग्रीका सम्वन्धमा सरोकारवालासंग आयोगको वैठक कक्षमा असार २१ गते वैठक वसेको ।
- वार्षिक कार्यक्रम अन्तर्गत जेठ १८ गते देखि २५ गतेसम्म नुवाकोटमा ज्येष्ठ नागरिकको मानवअधिकारको अवस्था अनुगमन गरिएको ।
- जेठ २३ गते नुवाकोट जिल्लामा ज्येष्ठ नागरिकको मानव अधिकार अवस्था विषयमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- वार्षिक कार्यक्रम अन्तर्गत जेठ २० गते देखि २६ गतेसम्म धादिङमा ज्येष्ठ नागरिकको मानवअधिकारको अवस्था अनुगमन गरिएको ।

- जेठ २४ गते धादिङ जिल्लामा ज्येष्ठ नागरिकको मानव अधिकार अवस्था विषयमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- वैशाख १४ देखि २१ गते सम्म रसुवा जिल्लामा ज्येष्ठ नागरिकको मानवअधिकार अवस्था अनुगमन

## ९.६. नीति अनुसन्धान तथा योजना सम्बन्धी कार्यहरु

- आ. व. २०७४/७५ को बजेट निर्माण
- यस आयोगको वार्षिक कार्ययोजना बारे राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा छलफल
- भुकम्प प्रभावितहरुको मानव अधिकारको अवस्था अनुगमन प्रतिवेदन तयार,
- प्राथमिकता निर्धारण, सम्बन्धी अनुगमन छलफल
- वार्षिक कार्यक्रम संशोधन
- निर्वाचन अनुगमन सम्बन्धी कार्यहरु

## ९.७. कानुन सम्बन्धी कार्यहरू

- आयोगबाट भएका मानव अधिकार सम्बन्धी महत्वपूर्ण निर्णयहरूको अंक ३ प्रकाशन
- मानव अधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक तथा अभिलेखिकरण गर्ने सम्बन्धी निर्देशिकाको मस्यौदा तयार ।

## ९.८. प्रशासनिक कार्यहरु

- नयाँ तिनवटा नयाँ प्रिफ्याब भवनहरु निमार्ण
- सुरक्षा अधिकृत करारमा नियुक्ति प्रकृया सम्पन्न
- ३ वटा नयाँ गाडी खरिद
- नेपाल पक्ष भएको ७ वटा मानव अधिकार सन्धीहरुको बिषयगत पुस्तिका तयार भई प्रकाशनको लागि अन्तिम चरणमा पुगेको
- मानव अधिकार अनुगमन सम्बन्धी विभिन्न ७ वटा चेकलिष्टहरु तयार गरिएको
- मानव अधिकार आयोगले गरेको काम कारवाहीको सम्बन्धमा स्थिती विबरणपत्र नागरिक समाज, मानव अधिकारकर्मि, नेपाल सरकार, कानूनविद, पत्रकार आदीको उपस्थितीमा सार्वजनिका गरिएको
- मानव अधिकार आयोग र मानव अधिकारको सम्बन्धमा सुचना एवं जानकारीबाट आम नागरिकलाई मानव अधिकार प्रति सचेत गराउने विस २०७४ को क्यालेण्डर प्रकाशन गरी निशुल्क वितरण गरिएको

## ९.९. मानव अधिकार स्रोत केन्द्र सम्बन्धी कार्यहरु

- ५२ थान पुस्तक खरिद गरि रजिस्टर गरिएको ।
- २६० जनालाई आयोगका प्रकाशनहरु वितरण गरेको ।
- असार महिनामा ४ वटा बुक catalogue गरि software मा entry गरेको ।

## ९.१०. सूचना प्रविधि सम्बन्धी कार्यहरु

- मेडिया मोनीटरीङ गरी स्थानीय निर्वाचन सम्बन्धी समाचारहरू संकलन गर्ने गरेको, आयोगको क्षे.का. तथा उ.क्षे.का.बाट आएका सरक्षा सम्बन्धी प्रतिवेदन सहित एउटै बनाएको तथा सुरक्षा अवस्था सम्बन्धी म्यापीङ सहित हप्ताको २ प्रतिवेदन तयार गरी email गरेको ।
- कतारको कुटनीतिक समस्याबारे समाचार संकलन गरि इमेल मार्फत प्रतिवेदन पठाएको ।
- आयोगको लोगो Desbides News भन्नेको Facebook page मा दुरुप्रयोग भएको पाइएकोले त्यसको खोजी कार्य गरी, लोगो तरुन्त हटाउन message गरेको, प्रहरी अनुसन्धान मशाशाखा (CIB) पत्रचार गरेको र पछी हटाइको पाइयो ।
- घटना भएपछिको द्वन्द्व सम्बन्धमा **अन्तराष्ट्रिय सम्मेलन**को लागि New Webpage Design तथा development अन्तिम चरणमा रहेको ।
- केन्द्रिय कार्यालयको उजूरी आएका फाराम र नेपालगंजको उजूरी सम्बन्धी स्क्यान गरेका फाइलहरू CMRS मा Data Entry भइ रहेको साथै केन्द्रिय कार्यालयमा archiving मा भएका निर्णय भइ सकेका फाइलहरूलाइ पनि CMRS मा Data Entry गरेको ।
- Internet speed बढाउनको लागि दररेट प्राप्त गरी टिप्पणी तथा आदेश तयार गरी सचिवबाट स्वकृत गराइ प्रशासन मार्फत नेपाल टेलिकमलाइ पत्रचार गरेको ।
- क्षेत्रिय तथा उप क्षेत्रिय कार्यालयमा भएका समस्यारू Any desk मार्फत solve गरेको ।
- आ.व. २०७४/७५ को लागि CMRS कार्यन्वयनको विस्तृत कार्ययोजना तयार गरेको ।
- नयाँ database software design, develop तथा testing गर्ने कार्य चलिरहेको ।
- आ.व. २०७४/७५ को लागि आवस्यक AMC गर्नको लागि तयारी गरेको ।
- Website, Facebook & Twitter Updates गरेको ।

## ९.११. मानव बेचविखन विरुद्धका कार्यहरु

- मानव बेचविखन विरुद्धको राष्ट्रिय प्रतिवेदन २०१५/१६(आ.ब. २०७३/०७४)को अन्तिम मस्यौदामा गैररकारी निकायहरुमा मिति २०७४/०१/२० गते र सरकारी निकायहरु माझ मिति २०७४/०१/२२ गते परामर्श तथा छलफल कार्यक्रम सम्पन्न गरेको ।

- मानव बेचविखन विरुद्धको राष्ट्रिय प्रतिवेदन २०१५/१६(आ.ब. २०७३/०७४) को प्रकाशन गरी मिति २०७४ असार २० गते सार्वजनिकीकरण
- मा मानव बेचविखन विरुद्धको राष्ट्रिय प्रतिवेदन २०१५/१६को प्रकाशन गरी मिति २०७४ असार २० गते सरोकारवाला निकायहरुमाझ मा. अध्यक्षज्युबाट सार्वजनिकीकरण

## ९.१२. प्रेस विज्ञप्ति/नोट जारी (१८ वटा)

| | | | |
|---|---|---|---|
| १ | भूकम्प पीडितको उचित बसोबासको शीघ्र व्यवस्था गर | २०७४ वैशाख १२ गते प्रेस विज्ञप्ति | आर्थिक, सामाजिक तथा राजनीतिक अधिकार/बसोबासको अधिकार |
| २ | आयोगले देशव्यापी रूपमा निर्वाचनको अनुगमन गर्ने<br>मानव अधिकारको सम्मान र संरक्षण गर्न सबै पक्षलाई आग्रह | २०७४ वैशाख १४ गते<br>प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |
| ३ | आयोगद्वारा उम्मेदवारी मनोनयन दर्ताको अनुगमन<br>शान्तिपूर्ण रूपमा मनोनयन दर्ता सम्पन्न | २०७४ वैशाख २० गते<br>प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/स्वतन्त्रता पूर्वक उम्मेदवारी दर्ता गर्न पाउने अधिकार |
| ४ | आयोगद्वारा दुवईबाट फिर्ता भएका ४४ महिलाको अवस्थाको अनुगमन | २०७४ वैशाख २२ गते<br>प्रेस विज्ञप्ति | |
| ५ | निर्वाचनमा सहयोग पुऱ्याउन सबैपक्षलाई आयोगको आग्रह | २०७४ वैशाख २८ गते प्रेस विज्ञप्ति | |
| ६ | स्थानीय तहको निर्वाचन प्रकृयाको अनुगमन सम्पन्न<br>मतदाताहरुको उत्साहपूर्ण सहभागिता | २०७४ वैशाख ३१ गते<br>प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/मतदाताको अधिकार |
| ७ | आपराधिक घटनालाई राजनीतिक आवरण दिई दण्डहीनतालाई प्रश्रय नदेऊ | २०७४ जेठ ५ गते प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/न्यायिक अधिकार |
| ८ | ट्राफिक प्रहरीप्रमुखसँग समसामयिक जनगुनासाहरू बारे आयोगको ध्यानाकर्षण । | २०७४ जेष्ठ २१ गते<br>प्रेस विज्ञप्ति | |

| | | | |
|---|---|---|---|
| ९ | राष्ट्रिय मानव अधिकार आयोग बङ्गलादेशको उच्चस्तरीय भ्रमण टोली फिर्ता | २०७४ जेष्ठ २१ गते<br>प्रेस नोट | |
| १० | स्थानीय निर्वाचन, २०७४<br>जनमतको कदर गर | २०७४ जेठ १८ गते<br>प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/मतदाताको अधिकार/उम्मेदवार हुन पाउने अधिार |
| ११ | संवैधानिक कार्यादेशलाई सम्मान गर्न आग्रह | २०७४ जेठ २९ गते<br>प्रेस विज्ञप्ति | |
| १२ | राजपा अध्यक्ष मण्डलको तर्फबाट आयोगको ध्यानाकर्षण | २०७४ असार ४ गते<br>प्रेस विज्ञप्ति | |
| १३ | निर्वाचन सुरक्षा व्यवस्थाबारे गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूसँग छलफल | २०७४ असार ११ गते<br>प्रेस नोट | |
| १४ | उच्चस्तरीय टोलीले मलेठ घटनाको अनुसन्धान प्रतिवेदन आयोगमा पेश गऱ्यो | २०७४ असार ५ गते<br>प्रेस नोट | |
| १५ | नागरिक तथा राजनीतिक अधिकारको सम्मान गर | २०७४ असार ४ गते<br>प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |
| १६ | दोस्रो चरणको स्थानीय तहको निर्वाचन अनुगमन सम्पन्न | २०७४ असार १४ गते<br>प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/मतदानको अधिकार |
| १७ | आयोगले ३५ वटै जिल्लामा निर्वाचनको सन्दर्भमा<br>मानव अधिकार अवस्था अनुगमन गर्ने<br>मानव अधिकारको सम्मान र संरक्षण गर्न सबै पक्षलाई आग्रह | २०७४ असार ८ गते<br>प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/मतदानको अधिकार/उम्मेदवार हुन पाउने अधिकार |
| १८ | डुबान र बाढीबाट पीडित नागरिकको अविलम्ब उद्धार गर | २०७४ असार २२ गते<br>प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |

## ९.१३. सूचनाको हक सम्बन्धी कार्य

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमित सूचना प्रकाशित
- आयोगमा सूचना माग गरी निवेदन दिने २ जनालाई सूचना उपलब्ध गराइएको
- सूचनाको हक सम्बन्धी कार्यक्रमहरुमा सहभागिता
- आयोगले प्रवाह गर्ने र नगर्ने सूचनाको वर्गीकरण गरी सो को विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सूचना आयोगमा पठाइएको
- आयोगका केही कार्यालयहरुमा सूचना अधिकार हेरफेर भएको

### ९.१४.भेटघाट, वैठक, विविध आदि

- आयोको वैठकहरु सनयमित भएको
- अन्तराष्ट्रिय प्रतिनिधिहरुबाट आयोगका पदाधिकारी र सचिवज्यूसँग भेटघाट
- नागरिक समाज, मानव अधिकारका पीडितसँग भेटघाट र मानव अधिकारका समसामयिक विषयमा छलफल
- संसदको मानव अधिकार समितिसँग छलफल

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

- माननीय अध्यक्ष श्री अनुपराज शर्मा
- सचिव श्री वेदप्रसाद भट्टराई
- सूचना अधिकारी डा. टीकाराम पोखरेल

## ११. सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान (२०७२) को भाग २५, धारा २४८ र २४९
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
- राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली
- राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा, सर्त र सुविधा सम्बन्धी नियमावली, २०७२
- राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०७१
- अन्य विभिन्न निर्देशिका तथा नीतिहरु

## ● १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :

**आ.व. २०७३/७४ को असार मसान्तसम्मको कारोवारसम्बन्धी अद्यावधिक विवरण यसप्रकार छ।**

**बजेट शिर्षक वा उपशीर्षकको नामः २१४०११३ चालुखर्च**

| ०७४ असार महिनाको खर्च | ०७४ असार मसान्तको निकासा | खर्च/वित्तिय संकेत नम्वर | खर्च/वित्तिय शीर्षक | अन्तिम वजेट | ०७४ असार सम्मको खर्च | बांकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकासा |
| २,८७७,४११।२० | ३२,००८,६०१।८२ | २११११ | तलव | ४९,०६३,४००।०० | ३४,८८६,०१३।०२ | १४,१७७,३८६।९८ | |
| | | २१११२ | स्थानिय भत्ता | ५७०,०००।०० | ( | ५७०,०००।०० | |
| १०४,०००।०० | १,०६२,३६६।६६ | २१११३ | महंगी भत्ता | २,३४९,५५०।०० | १,१६६,३६६।६६ | १,१८३,१८३।३४ | |
| ६८,०००।०० | ५२,०००।०० | २१११९ | अन्य भत्ता | ३३४,०००।०० | १२०,०००।०० | २१४,०००।०० | |
| | ७७२,५००।०० | २११२१ | पोशाक | १,४६८,५००।०० | ७७२,५००।०० | ६९६,०००।०० | |
| ९६,१३०।०६ | ६३६,६७५।९३ | २२१११ | पानी तथा विजुलि | १,२५०,०००।०० | ७३२,८०५।९९ | ५१७,१९४।०१ | |
| ६०,५९१।७९ | १,१७७,६०३।७३ | २२११२ | संचार महशुल | १,२४१,०००।०० | १,२३८,१९५।५२ | २,८०४।४८ | |
| ४०,५२७।०० | | २२१२१ | घर भाडा | ५,६७७,०००।०० | ४०,५२७।०० | ५,६३६,४७३।०० | |
| २३५,०७०।२३ | २,२८४,४८८।६० | २२२११ | इन्धन | २,५८४,०००।०० | २,५१९,५५८।८३ | ६४,४४१।१७ | |
| १३५,३०६।५० | २,०११,७७१।२७ | २२२१२ | संचालन तथा मर्मत संभार | २,१५०,०००।०० | २,१४७,०७७।७७ | २,९२२।२३ | |
| २७६,९८६।७५ | ८१२,५९०।९१ | २२२१३ | विमा | १,३१८,०००।०० | १,०८९,५७७।६६ | २२८,४२२।३४ | |
| १७४,५४०।७५ | ३,२७०,३६४।७९ | २२३११ | कार्यालय सम्वन्धि खर्च | ३,४४५,०००।०० | ३,४४४,९०५।५४ | ९४।४६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १,७५४।०० | ७२,९८८।०० | २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००,०००।०० | ७४,७४२।०० | २५,२५८।०० | |
| | ४१,०७५।०० | २२३१४ | इन्धन अन्य प्रयोजन | ५८,०००।०० | ४१,०७५।०० | १६,९२५।०० | |
| ३५९,०८८।९६ | १,२७७,६८५।९२ | २२४११ | सेवा तथा परामर्श खर्च | १,६९०,०००।०० | १,६३६,७७४।८८ | ५३,२२५।१२ | |
| ९०,१५०।०० | ६५३,२५०।०० | २२४१२ | अन्य सेवा शुल्क | १,३६५,०००।०० | ७४३,४००।०० | ६२१,६००।०० | |
| १५,०००।०० | ४८९,६८९।०० | २२५११ | कर्मचारी तालिम | ८५०,०००।०० | ५०४,६८९।०० | ३४५,३११।०० | |
| ४,५६३,२१३।१० | १३,५५८,४८८।६८ | २२५२२ | कार्यक्रम खर्च | १८,९२७,०००।०० | १८,१२१,७०१।७८ | ८०५,२९८।२२ | |
| | ६८५,३४९।८५ | २२५२९ | अन्य कार्यक्रम खर्च | ८१५,०००।०० | ६८५,३४९।८५ | १२९,६५०।१५ | |
| २४,५०७।०० | ३५७,९८४।२० | २२६११ | अनुगमन,मूंल्याकन खर्च | ४८०,०००।०० | ३८२,४९१।२० | ९७,५०८।८० | |
| ४३,३५०।०० | २८२,७२८।०० | २२६१२ | भ्रमण खर्च | ४५५,०००।०० | ३२६,०७८।०० | १२८,९२२।०० | |
| ९९१,८६९।०० | २,१०८,१२२।०० | २२७११ | विविध खर्च | ३,२९०,०००।०० | ३,०९९,९९१।०० | १९०,००९।०० | |
| **१०,१५७,४९६।३४** | **६३,६१६,३२४।३६** | | **जम्मा** | **९९,४८०,४५०।००** | **७३,७७३,८२०।७०** | **२५,७०६,६२९।३०** | |
| | | | **अर्थ मन्त्रालय विविध (अर्थ बजेट)** | | | | |
| | | | **ब.उ.शि.नं.६०१०१३३** | | | | |
| | १३१,७१४।०० | २७३१२ | उपदान | १३१,७१४।०० | १३१,७१४।०० | ( | |
| | | | **ब.उ.शि.नं.६०१०१४३** | | | | |
| | १७२,२४०।०० | २७३१३ | सेवा निवृत्तको संचित विदा | १७२,२४०।०० | १७२,२४०।०० | ( | |
| | | | **ब.उ.शि.नं.६०१०१४३** | | | | |
| | ३१६,११५।०० | २७३१४ | सेवा निवृत्तको औषधि उपचार | ३१६,११५।०० | ३१६,११५।०० | ( | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ( | ६२०,०६९।०० | | जम्मा | ६२०,०६९।०० | ६२०,०६९।०० | ( | |
| १०,१५७,४९६।३४ | ६४,२३६,३९३।३६ | | **कुल जम्मा** | १००,१००,५१९।०० | ७४,३९३,८८९।७० | २५,७०६,६२९।३० | |

## कोषको अवस्था

| | | | |
|---|---|---|---|
| बैकको नाम: ने.वै.लि. गावाहाल, ललितपूर | | बैक खाता नं.:ख १(०१८०□५१□००१६८३०) | |
| जम्मा निकासा : | ७३,७७३,८२०।७० | वैक मौज्दात | |
| जम्मा खर्च : | ७३,७७३,८२०।७० | नगद मौज्दात | |
| जम्मा खर्च मध्ये पेश्की बााकी : | | जम्मा | ( |
| म्याद ननाघेको : | | | |
| म्याद नाघेको : | | | ( |
| पेश्की बाहेक खुद खर्च : | ७३,७७३,८२०।७० | | |

**बजेट अनुदान वा उपशिर्षक नम्वर** चालु/पूंजिगत/वित्तिय

**बजेट शिर्षक वा उपशीर्षकको नाम: २१४०११४ पूजिगत खर्च**

| ०७३ असार महिनाको खर्च | ०७३ असार मसान्तको निकासा | खर्च/वित्तिय संकेत नम्वर | खर्च/वित्तिय शीर्षक | अन्तिम वजेट | ०७३ असार सम्मको खर्च | बांकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकासा |
| १३९,२५८।९० | ८५५,७१२।७५ | २९३११ | फर्निचर तथा फक्सचर्स | १,०००,०००।०० | ९९४,९७१।६५ | ५,०२८।३५ | |
| १७,८३२,०४९।०१ | | २९४११ | सवारी साधन | १८,०००,०००।०० | १७,८३२,०४९।०१ | १६७,९५०।९९ | |
| १९,०००।०० | ७८०,८२६।८५ | २९५११ | मेशिनरी औजार | ८००,०००।०० | ७९९,८२६।८५ | १७३।१५ | |
| **१७,९९०,३०७।९१** | **१,६३६,५३९।६०** | | **जम्मा** | **१९,८००,०००।००** | **१९,६२६,८४७।५१** | **१७३,१५२।४९** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | अर्थ मन्त्रालय विविध (अर्थ बजेट) | | | | |
| ( | ( | | जम्मा | ( | ( | | |
| **१७,९९०,३०७।९१** | **१,६३६,५३९।६०** | | **कुल जम्मा** | **१९,८००,०००।००** | **१९,६२६,८४७।५१** | **१७३,१५२।४९** | |

# कोषको अवस्था

| | | | |
|---|---|---|---|
| बैकको नाम: ने.वै.लि. गावाहाल, ललितपूर | | बैक खाता नं.:ख २(०१८०□५१□००१६८४८) | |
| जम्मा निकासा : | १९,६२६,८४७।५१ | वैक मौज्दात | |
| जम्मा खर्च : | १९,६२६,८४७।५१ | नगद मौज्दात | |
| जम्मा खर्च मध्ये पेश्की बााकी : | | जम्मा | ( |
| म्याद ननाघेको : | | | |
| म्याद नाघेको : | | | ( |
| पेश्की बाहेक खुद खर्च : | १९,६२६,८४७।५१ | | |

## १३. तोकिए बमोजिमका अन्य विवरण

- मानव अधिकार उल्लंघनका घटनाको अनुगमन तथा अनुसन्धान सम्बनधी जिम्मेवारी तोकिएको र तोकिए बमोजिम काम भैरहेको
- राष्ट्रिय सूचना आयोगद्वारा आयोजित कार्यक्रममा भाग लिएको
- आयोगका सबै सूचना अधिकारीहरुलाई सूचना प्रकाशन गर्न पत्राचार गरिएको
- सबै कार्यालयका सूचना अधिकारीहरुको नाम आयोगको वेभसाइटमा राखिएको

## १४. अघिल्लो आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण

### आयोगको आव २०७२/७३ को वार्षिक कार्य विवरण

| क्र.सं. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| **१** | **मानवअधिकार संरक्षण** | | |
| १.१ | उजुरी | २१९ | न्याय-प्रशासन, हत्या, बेपत्ता, अपहरण, कारागार/गैरन्यायिक थुना ,धम्की, स्वास्थ्य, शिक्षा, रोजगारीको हक, महिला अधिकार, बालअधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेद विरुद्वको अधिकार आदि |
| १.२ | अनुगमन | २४२ | मानवअधिकार अवस्था, बन्द हड्तालमा मानवअधिकार अवस्था, कैदीबन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना, आर्थिक, समााजिक तथा साँस्कृतिक अधिकारमा मुक्त हलियाहरूको अवस्था, अस्पताल एवं स्वास्थ्यअवस्था, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार, जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अवस्था र मानव बेचबिखनको अवस्था लगायतका विषय |
| १.३ | अनुसन्धान | २०८ | नागरिक तथा राजनीतिक अधिकार अन्तर्गत जीवनको अधिकार, यातना, बेपत्ता रहेका छन् । त्यसैगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला, बालबालिकाको अधिकार |
| १.४ | निर्णय/सिफारिस/तामेली/टुङ्गयाउने | १८२ | न्याय-प्रशासन, अपहरण, विस्थापित, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार, बेपत्ता, जातीय विभेद आदि |

| क्र. सं. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| **२** | **मानवअधिकार प्रर्वद्धन** | | |
| २.१ | प्रशिक्षण, अन्तर्क्रिया, तालिम, छलफल, बैठक, कार्यशालागोष्ठी, प्रभातफेरि, प्रर्दशनी, आदि | २२६ | महिल अधिकार, बालअधिकार, यातनाविरुद्वको अधिकार, बेपत्ता व्यक्तिहरूको अधिकार, मानव अधिकार विश्वव्यापी आवधिक समीक्षा, ज्येष्ठ नागरिकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्था, सङ्क्रमणकालीन न्याय, शिक्षाको अधिकार, मानव अधिकार रक्षकको अधिकार, जातीय विभेद विरुद्वको अधिकार आदि |
| २.२ | समन्वय र सहकार्यमासम्वर्द्धनात्मककार्यक्रम | १५ | सङ्क्रमणकालीन न्याय, मानव अधिकार राष्ट्रिय कार्ययोजना, मानव अधिकार दिवस, मानव अधिकार अवस्था, बन्द-हड्तालमा पत्रकार र मानव अधिकारकर्मीको सुरक्षाआदि |
| २.३ | विशेषज्ञ सेवा (स्रोत व्यक्ति) | ५४ | मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाबाट आयोजित कार्यक्रम |
| २.४ | प्रमुखअतिथि, अतिथि र सहभागी | ३३२ | मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाबाट आयोजित कार्यक्रम |
| **३** | **प्रकाशन** | | |
| ३.१ | नियमितप्रकाशन | १ | आयोगको वार्षिक प्रतिवेदन |
| ३.२ | प्रतिवेदन/पुस्तका | ११ | The NHRI Nepal Joint Submission for the Second Universal Periodic Review of Nepal, Human Rights Situation During the Movement Before and After Declaration of Constitution of Nepal, Trafficking in Persons National Report 2013–15, नेपालको संविधान घोषणाअघि र पछि भएकाआन्दोलनको क्रममामानवअधिकार अवस्था, स्व. दयाराम परियार स्मारिका, भूकम्प र मानवअधिकार, मानवअधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू, मानवअधिकारसम्बन्धीजान्नुपर्ने कुराहरू, आयोगका केहीसिफारिस कार्यान्वयन र पीडितको अवस्थाअध्ययनप्रतिवेदन, मानव बेचबिखनसम्बन्धीप्रतिवेदन, सम्बाहक (जर्नल) आदि |
| ३.३ | प्रेस विज्ञप्ति/प्रेस नोट | ४४/२९ | विभिन्न घटनाको अनुसन्धान, दोषीउपर कारबाही, बालअधिकारको सम्मान, बन्दको विकल्प खोज्नुपर्ने, बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक, आन्दोलनलाई मर्यादित र शान्तिपूर्ण बनाउनुपर्ने, |

| क्र. सं. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| | | | सामाजिक द्वेष फैलाउने अभिव्यक्ति नदिन आग्रह, दण्डहीनता अन्त्य, नाकाबन्दीका कारण मानवीय सङ्कट सम्बन्धमा ध्यानाकर्षण |

## १५. सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण

www.nhrcnepal.org

## १६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौताको विवरण

- UNDP सँग March 2016 मा आयोगको रणनीतिक योजना (Strategic Plan Support Project - SPSP) मा दस्तखत भई हाल कार्यान्वयनमा रहेको । उक्त परियोजनाको बजेट 1.2 Million US$ रहेको र अवधि April 3016 – December 2018 सम्म रहेको ।

## १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

- आयोगले गत वर्षभरि ७५ वटै जिल्लामा गरेको कार्यक्रमको २५८ पेजको वार्षिक प्रतिवेदन प्रकाशित भएको छ । यस वर्षको गरेको कामको पनि प्रतिवेदन प्रकाशन हुनेछ । जसको लागि तयारी भैरहेको छ ।

## १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

*विभिन्न निकायहरुले सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम गठित सूचना वर्गीकरण समिति समक्ष पठाउनुपर्ने सूचनाको विवरण सम्बन्धी ढाँचा :*

## राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बमोजिमको सूचनाका लागि सूचना वर्गीकरण समिति समक्ष पेश गरेको सूचनाको विवरण :**

| क्र. सं. (१) | सूचनाको विवरण (२) | सूचना प्रवाह नगर्नु पर्नाको कारण खुलाउनुहोस् (३) | महल ३ मा उल्लेखित कारण ऐनको दफा ३ को उपदफा ३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मध्ये कुन खण्डसँग सम्बन्धित हो सो खण्ड उल्लेख गर्नुहोस् (४) | सूचना प्रवाह नगर्नुपर्ने अवधि (५) | कैफियत (६) |
|---|---|---|---|---|---|
| १ | आयोगले मानव अधिकार अवस्थाको अनुगमन गर्दा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्ने प्रकृतिका तथ्यहरु फेला पारेको र त्यस्तो विषय संलग्न भएको अनुगमन प्रतिवेदन | नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्ने भएकोले | ऐनको दफा ३ को उपदफा ३ को (क) सँग सम्बन्धित | ३० वर्ष | |
| २ | मानव अधिकार उल्लंघनका घटना र अपराधहरुको अनुसन्धानसँग सम्बन्धित कागजातहरु | मानव अधिकार उल्लंघनको अनुसन्धान, तहकीकात तथा अभियोजनमा असर पर्न सक्ने भएकोले | ऐनको दफा ३ को उपदफा ३ को (ख) सँग सम्बन्धित | ३० वर्ष | |
| ३ | आयोगमा आर्थिक अनुशासन पालना नभएको वा हिनामिना भएको सम्बन्धमा आयोगले आन्तरिक अनुसन्धान गरिरहेको | आर्थिक हिनामिना सम्बन्धी अनुसन्धानको गोपनीयतामा असर पर्ने भएकाले | ऐनको दफा ३ को उपदफा ३ को (ग) सँग सम्बन्धित | अनुसन्धान सम्पन्न नभएसम्म | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विषय | | | | |
| ४ | आयोगले मानव अधिकार अवस्थाको अनुगमन गर्दा जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष असर पर्ने प्रकृतिका तथ्यहरु भेटिएको र त्यस्तो तथ्यहरु समेटिएको अनुगमन प्रतिवेदन | जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष असर पर्ने भएकोले | ऐनको दफा ३ को उपदफा ३ को (घ) सँग सम्बन्धित | ३० वर्ष | |
| ५ | मानव अधिकारको अनुगमन, अनुसन्धानमा साक्षी बयान लिइएका व्यक्तिहरुको नाम | व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुग्ने भएकाले | ऐनको दफा ३ को उपदफा ३ को (ङ) सँग सम्बन्धित | ३० वर्ष | |
| ६ | ऐनको दफा ३ को उपदफा ३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) सँग सम्बन्धित भएको आयोगको निर्णय | सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा ३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) विपरीत हुने भएकोले | ऐनको दफा ३ को उपदफा ३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) खण्डसँग सम्बन्धित | ३० वर्ष | |

## १९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

| सि. नं. | सूचना माग गर्नेको नाम | सूचना माग गरेको विषय | मग गरेको मिति | सूचना उपलब्ध गराएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री भक्त नारायण श्रेष्ठ | मानव अधिकार हनन सम्बन्धमा आफूले दिएको निवेदन उपरको कारवाहीको जानकारी पाउँ | २०७४/३/२१ | २०७४/३/३० | सूचना माग गरी निवेदन दिएको तर सूचना बुझ्न बोलाउँदा नआएको |
| २ | श्री भुवन नाथ | आफूलाई निलम्बन गरिएको प्रतिवेदन पाउँ | २०७४/३/१८ | २०७४/३/२२ | छानविन क्रममा रहेकोले प्रतिवेदन दिन नसकिने भन्ने सूचना दिइएको |

## २०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण

- हरेक दुई महिनामा मानव अधिकारपत्र प्रकाशन हुने गरेको र सोमा आयोगले गरेका गतिविधिहरु समेटिएको
- आयोगका सबै प्रतिवेदन, सूचना, प्रेस विज्ञप्तिहरु आयोगको वेभसाइट www.nhrcnepal.org मा हेर्न सकिने छ ।

........................
डा. टीकाराम पोखरेल
सूचना अधिकारी

मिति : २०७४/४/१५

# अनुसूचि




*आयोगका कार्यालयहरु*




*आयोगको सांगठनकि संरचना*